प्र.जि.अ.का.झापा द्.नं. २६१०३९१४०

# जनज्योति
साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : १० ■ २०८३ जेठ ३१ गते आइतबार ■ Sunday, 14 June 2026 ■ मूल्य रू. ७।-

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं ।**

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुन: प्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।
- पानी जीवन हो – यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बालेनको बोली, रवि-शिशिरको कुटनीतिक प्रयास
# झापामा संयुक्त सीमा समीक्षा

✎ बाबुराम क्षेत्री

नेपाल-भारत सम्बन्धमा सीमा मुद्दा सधैं संवेदनशील, भावनात्मक र राजनीतिक रूपमा प्रभावशाली विषय रहँदै आएको छ । कालापानी, लिपुलेक, लिम्पियाधुरा, सुस्ता वा दसगजा अतिक्रमणका सवालहरु उठ्नेबित्तिकै नेपाली राजनीति तात्ने गरेको इतिहास छ । तर पछिल्ला केही साताका घटनाक्रमले एउटा फरक सन्देश दिएका छन् । सीमा समस्या अब केवल नाराबाजी, संसदीय अवरोध वा राष्ट्रवादको प्रतिस्पर्धाबाट होइन, प्राविधिक संयन्त्र, कूटनीतिक संवाद र राजनीतिक इच्छाशक्तिबाट समाधानका उपायतर्फ उन्मुख गराइरहेको छ ।

यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको भारत भ्रमण, त्यसपछि परराष्ट्रमन्त्री शिशिर खनालको सक्रियता, प्रधानमन्त्री बालेन्द्र शाहले उठाएको सीमा बहस तथा झापाको बिर्तामोडमा हालै सम्पन्न नेपाल-भारत संयुक्त सीमा समीक्षा बैठकलाई एउटै शृंखलामा सीमा विवाद समाधानका घटनाका रूपमा लिन सकिन्छ ।

लामो समयदेखि नेपाल-भारत सम्बन्धमा एउटा मनोवैज्ञानिक अविश्वास देखिँदै आएको थियो । नेपालले उठाएका सीमा समस्या भारतले सुन्न चाहँदैन भन्ने धारणा र भारतसँगको संवादलाई कतिपय राजनीतिक शक्तिले राष्ट्रघात वा आत्मसमर्पणको रूपमा चित्रित गर्ने प्रवृत्तिले सम्बन्धलाई थप जटिल बनाएको थियो । तर रवि लामिछानेको भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका समस्या र चासोहरूको सूची तयार गरी उपलब्ध गराउन आग्रह गरेको विषयले संवादको नयाँ ढोका खोलेको संकेत दिएको थियो । यसले कन्तीमा पनि समस्यालाई टेबलमा राखेर समाधान खोज्ने वातावरण निर्माणमा कुटनीतिक सफलताको रूपमा देखिएको छ ।

सीमा विवादको समाधान भावनात्मक भाषणले होइन, तथ्य, नक्सा, अभिलेख र संयुक्त प्राविधिक अध्ययनबाट सम्भव हुन्छ । यही कारणले लामो समयदेखि निष्क्रियजस्तै रहेको नेपाल-भारत संयुक्त प्राविधिक संयन्त्र पुन: सक्रिय हुनु आफैंमा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ । परराष्ट्रमन्त्री शिशिर खनालले राष्ट्रिय सभामा दिएको जानकारी अनुसार सीमा स्तम्भ निर्माण तथा मर्मत, दसगजा अतिक्रमणको तथ्यांक संकलन र सीमा पारबाट भएका अतिक्रमणहरुको अभिलेखीकरणका लागि संयुक्त

बाँकी ४ पेजमा ▸▸

## दशगजाको चिया खेती हटाइयो

दमक । नेपाल-भारत सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरूको मर्मत, संरक्षण र सीमा व्यवस्थापनका विषयमा झापाको बिर्तामोडमा सम्पन्न नेपाल-भारत संयुक्त समीक्षा बैठकपछि दशगजा क्षेत्रमा लगाइएको चिया खेती हटाइएको छ ।

नापी विभागको आयोजनामा भएको बैठकमा झापा, इलाम, पाँचथर र ताप्लेजुङसँग जोडिएका सीमा क्षेत्रमा रहेका कमजोर, नदीको बहावका कारण ढलेका तथा मर्मत आवश्यक सीमा स्तम्भहरूको अवस्थाबारे समीक्षा गरिएको थियो । दुवै देशका अधिकारीहरूले सीमा स्तम्भहरूको संरक्षण, मर्मत तथा पुन:निर्माणलाई संयुक्त रूपमा अघि बढाउने सहमति गरेका छन् ।

बैठकमा नेपालका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, नापी तथा वन कार्यालयका प्रतिनिधिसहित भारतीय पक्षबाट बिहारको किशनगञ्ज र पश्चिम बङ्गालको दार्जिलिङका प्रशासनिक तथा सर्वेक्षक अधिकारीहरूको सहभागिता

बाँकी ४ पेजमा ▸▸

## विकास निर्माणमा निरन्तर नपाको अनुगमन



दमक । विकास निर्माणका काम समयमै सम्पन्न हुने र गुणस्तरीय बन्ने सुनिश्चित गर्न दमक नगरपालिकाले नियमित अनुगमनलाई प्राथमिकतामा राखेको छ । नगरप्रमुख राम थापाको नेतृत्वमा प्राविधिक टोलीले विभिन्न वडामा सञ्चालन भइरहेका पूर्वाधार योजनाको निरन्तर स्थलगत निरीक्षण गर्दै निर्माणको अवस्था, गुणस्तर र प्रगतिको समीक्षा रिपोर्ट तयार गर्दै आएको छ ।

अनुगमन टोलीमा नगरपालिकाका इन्जिनियर अनन्तप्रसाद सेनेहाङ, वडा सदस्य सरू परियार, असिष्टेनट सवइन्जिनियर पारसमणी गौतम, अन्य प्राविधिक, कर्मचारी र पत्रकार सहभागी थिए । टोलीले वडा नं. ५ को एलम्बर चोक पश्चिमस्थित बानेश्वर टोलहुँदै वडा कार्यालयसम्मको निर्माणाधीन सडकहरुको निरीक्षण गरेको थियो । बानेश्वर टोल क्षेत्रमा एक लाखदेखि चार लाख रुपैयाँसम्मका लागतमा निर्माण भइरहेका विभिन्न आन्तरिक सडकमध्ये केही सम्पन्न भइसकेका छन् भने केही अन्तिम चरणमा पुगेका छन् । बानेश्वर टोलको अर्को सडक निर्माणको तयारीसमेत भइरहेको जनाइएको छ ।

नगरप्रमुख थापाका अनुसार नियमित अनुगमनले निर्माण कार्यमा पारदर्शिता कायम हुनुका साथै गुणस्तरमा सुधार ल्याउन मद्दत पुगेको छ । "विकास निर्माणमा खर्च मात्र होइन, त्यसको दीर्घकालीन उपयोगिता पनि महत्वपूर्ण हुन्छ," उनले भने ।

नगरका अन्य क्षेत्रमा २५-२५ लाख रुपैयाँ लागतका सडक योजना पनि सञ्चालनमा छन् । कतिपय सम्पन्न भइसकेका छन् भने केही निर्माणाधीन अवस्थामा छन् । वडा कार्यालय, उपभोक्ता समिति र नगरपालिकाको संयुक्त लगानीमा लक्ष्मीनारायण टोलमा ड्रेनसहितको

बाँकी ४ पेजमा ▸▸

## युवतीलाई बाँधेर कालोमोसो दल्ने पक्राउ

झापा/ झापाको बिर्तामोड-२ चारपाने चोकमा एक युवतीलाई बिजुलीको पोलमा बाँधेर कालोमोसो दलेको आरोपमा चार जना पक्राउ परेका छन् ।

प्रहरीका अनुसार शुक्रबार साँझ करिब ६:३० बजे स्थानीय २१ वर्षीया सबिना राजवंशीमाथि सार्वजनिक रूपमा दुर्व्यवहार गरिएको थियो । पुरानो रिसइबीका कारण केही व्यक्तिले उनको हात बिजुलीको पोलमा बाँधेर कालोमोसो दलेको आरोप लागेको छ ।

इलाका प्रहरी कार्यालय अनारमनीका अनुसार घटनामा संलग्न रहेको आरोपमा कन्काई नगरपालिका-८ का १८ वर्षीय समिर मुर्मु, २० वर्षीया सबिना मुर्मु, २५ वर्षीया स्वस्तिका मुर्मु र १९ वर्षीया पूजा बस्नेतलाई पक्राउ गरिएको छ ।

स्थानीयवासीले घटनाबारे प्रहरीलाई जानकारी दिएपछि प्रहरी सहायक निरीक्षक नम्बुकुमार माझीको नेतृत्वमा खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले पक्राउ परेकाहरूको साथबाट कालो मोबिल रहेको बट्टा तथा विभिन्न पम्प्लेटसहित १६ थान सामग्री बरामद गरेको जनाएको छ ।

## बन्दुक पडकिएर एकको मृत्यु

धनकुटा/ भरूवा बन्दुक सफा गर्ने क्रममा पडकिएर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा महालक्ष्मी नगरपालिका-२, स्थित खाल्डे कटहरेका ४७ वर्षीय रामकृष्ण थापा रहेका छन् ।

शुक्रबार साँझ बन्दुक सफा गर्ने क्रममा पडकिएर घाइते भएका थिए । घाइते भएको जिल्ला अस्पताल धनकुटामा उपचारको क्रममा ज्यान गएको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रवक्ता हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए ।

थापाले लोड भएको भरूवा बन्दुकको नाल आगोमा तताई मुखले फुक्ने क्रममा पड्किएको थियो ।

## चीनको धनियाँमा किरा

दमक/ चीनबाट नेपालतर्फ आयात गरिएको ठुलो परिमाणको धनियाँको दानामा हानिकारक 'खपराज' नामक किरा भेटिएपछि प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले उक्त खेपलाई भन्सार नाकामै रोकेको छ ।

तातोपानी नाका हुँदै भित्रिएको करिब ३० टन गेडा धनियाँमा अन्तर्राष्ट्रियस्तरमै प्रतिबन्धित क्वारेन्टाइन पेस्ट (किरा) भेटिएको हो । प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकारी एवं वरिष्ठ बाली संरक्षण अधिकृत रोशन अधिकारीका अनुसार, उक्त धनियाँको खेपमा 'नन-कम्प्लायन्स' (मापदण्ड विपरीत) पाइएको छ । प्रयोगशाला परीक्षणका क्रममा धनियाँमा 'खपराज' नामक किरा फेला परेको हो, जसलाई कृषि र खाद्य सुरक्षाका दृष्टिले निकै खतरनाक मानिन्छ ।

वरिष्ठ बाली संरक्षण अधिकृत अधिकारीका अनुसार खपराज किराले अन्नबाली र भण्डारण गरिएका खाद्य सामग्रीलाई पूर्ण रूपमा ध्वस्त बनाउन सक्छ । 'यसलाई अन्तर्राष्ट्रिय स्तरमै क्वारेन्टाइन पेस्टको रूपमा घोषणा गरिएको छ,' अधिकारीले भने, 'यो किरा एकपटक प्रवेश गरेमा निकै लामो समयसम्म ( ४-५ वर्षसम्म) सुषुप्त अवस्थामा बस्न सक्छ र अनुकूल समयमा पुन: सङ्क्रमण फैलाउँछ ।

बाँकी ४ पेजमा ▸▸

## कांग्रेस इतर समूहले शक्ति प्रदर्शन गर्ने

दमक/ नेपाली कांग्रेसको संस्थापन इतर पक्षल आइतबार (आज) विराटनगरमा शक्ति प्रदर्शन गर्ने भएको छ । पार्टीभित्र दबाब सिर्जना गर्ने र विशेष महाधिवेशनपछि देखिएका साङ्गठनिक कमजोरीलाई सच्याउन माग गर्दै यो समूहले शक्ति प्रदर्शन गर्न लागेको हो ।

शनिवार विराटनगरमा पत्रकार सम्मेलन आयोजना गर्दै इतर समूहले आइतबार बिहान ११ बजे विराटनगरमा आयोजना हुने भेलाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ । कोशी प्रदेश समितिका महामन्त्री भूपेन्द्र राईका अनुसार उक्त भेलालाई सम्बोधन गर्न पार्टीका शीर्ष नेताहरु डा. शेखर कोइराला, कृष्णप्रसाद सिटौला र विजयकुमार गच्छदार एउटै मञ्चमा उपस्थित हुनेछन् । भेलामा कोशी प्रदेशका १४ वटै जिल्लाका अगुवा कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहने बताइएको छ ।

कार्यक्रममा बोल्दै पूर्व मुख्यमन्त्री केदार कार्कीले महामन्त्री गगन थापाको नेतृत्वले महाधिवेशनको मिति पटक-पटक सारेर कार्यकर्तामा अन्योल सिर्जना गरेको बताए ।

## एमालेको सुझाव संकलन सुरू

दमक/ नेकपा एमालेले पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण तथा पुनर्गठनका लागि गठन गरिएको कार्यदलमार्फत कोशी प्रदेशस्तरबाट सुझाव सकलन सुरु गरेको छ । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको समीक्षा गर्दै पार्टी र जनताबीचको सम्बन्ध थप सुदृढ बनाउन आवश्यक रूपान्तरण तथा पुनर्गठनका विषयमा सुझाव संकलन गर्न कार्यदल गठन गरिएको हो ।

गत जेठ १० गते सम्पन्न एमाले सचिवालयको आठौं बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो ।

जेठ २६ गते पार्टी अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशस्तरमा सुझाव संकलन गर्ने कार्यतालिका निर्धारण गरेको थियो ।

कार्यतालिकाअनुसार असार २ गते कोशी प्रदेशमा सुझाव संकलन गरिनेछ । प्रदेशस्तरीय भेलामा सम्बन्धित भौगोलिक

बाँकी ४ पेजमा ▸▸

## भारतीय आँपमा सुरक्षा मापदण्ड

दमक/ नेपालले भारतीय आँप आयातमा पनि जैविक सुरक्षा मापदण्ड लगाएको छ । भारतबाट आयात हुने आँपको हकमा अन्तर्राष्ट्रिय अभ्यास अनुसार केही हानिकारक शत्रुजीवहरुको मुक्तता सुनिश्चित गर्न नयाँ मापदण्ड लागु गरिएको हो ।

केही दिनदेखि आँप आयातमा प्रतिबन्ध भन्ने हल्ला चले पनि नेपालको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र र भारत सरकारको कृषि तथा किसान कल्याण मन्त्रालय दुवैले छुट्टाछुट्टै स्पष्टीकरण र विज्ञप्ति जारी गर्दै आँपको आयात नरोकिएको तर नेपालको जैविक सुरक्षा संवेदनशीलताको कारण नयाँ मापदण्ड मात्र तोकिएको स्पष्ट पारेको छ ।

यो व्यवस्था अनुसार आँप पैठारी गर्दा ४८ डिग्री सेन्टिग्रेड तापक्रमको

बाँकी ४ पेजमा ▸▸

### नक्कली शरणार्थी प्रकरणमा फेरी बहस सुरु
# न्यायिक निरूपणको संकेत

✎ विमल लामिछाने




दमक/ भुटानबाट विस्थापित भई झापा र मोरङका शिविरमा बसेका शरणार्थीहरूको व्यवस्थापनका नाममा रचिएको एउटा भयानक प्रपञ्चको न्यायिक शृंखलाले पुन प्राथमिकता पाउने भएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणको कानुनी निरूपण तीन वर्षपछि पुन: सुनुवाइको चरणमा प्रवेश गर्ने भएसँगै न्यायिक निरूपणको संकेत देखापरेको हो । नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउने बहानामा करोडौं रुपैयाँ असुली गरिएको यो संगठित अपराधको मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन थियो । जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको इजलासले यस मुद्दालाई निरन्तर सुनुवाइ अर्थात 'हेर्दाहेर्दै' मा राखेसँगै अब यसको अन्तिम किनारा लाग्ने बाटो खुलेको हो ।

अदालतका सूचना अधिकारी शिव खतिवडाका अनुसार, प्रतिवादीका तर्फबाट बहस सुरू भइसकेको छ । विगतमा अदालत र सरकारी वकिल कार्यालयका केही महत्वपूर्ण दस्ताबेजहरु सडे-जलेका कारण प्रभावित भएको यो मुद्दा पुन: मिसिलहरु उपलब्ध गराएर अघि बढाइएको हो । हालसम्म ७४ पटक पेसी चढेको यस मुद्दाले अब भने निकास पाउने संकेत देखिएको छ ।

नेपालको राज्य संयन्त्र र अन्तर्राष्ट्रिय छविलाई नै गम्भीर आघात पुऱ्याउने गरी रचिएको यस प्रपञ्चमा १० जेठ २०८० मा पहिलो पटक मुद्दा दायर गरिएको थियो । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले यस हाई-प्रोफाइल अपराधमा संलग्न उच्च पदस्थ अधिकारीसहित ३० जनाविरूद्ध किर्ते, ठगी, संगठित अपराध र राज्यविरूद्धको अपराध गरी चार वटा मुख्य कसुरमा अभियोग दर्ता गरेको थियो ।

बाँकी ४ पेजमा ▸▸



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरू**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक-५
कार्यालय : दमक-५ फोन:५७०२७२

## सम्पादकीय....

# ज्येष्ठ नागरिकलाई सम्मान गरौं

नेपालको संविधान र कानुनले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सहुलियत पाउने हकको सुनिश्चितता गरेको छ । तर, व्यवहारमा भने यो व्यवस्था कागजमै सीमित बनेको दृष्टान्त देशका विभिन्न कारागारमा कष्टकर जीवन बिताइरहेका वृद्ध कैदीबन्दीहरुको अवस्थाले छर्लङ्ग पार्छ ।

जीवनको उत्तरार्धमा परिवारको काख र उचित स्वास्थ्य उपचार पाउनुपर्ने उमेरमा सयौँ ज्येष्ठ नागरिकहरु कारागारभित्रै रोग र पीडासँग संघर्ष गरिरहेका छन् । कानुनले व्यवस्था गरेको कैद छुट र हेरचाह केन्द्रको प्रावधान प्रशासनिक उदासीनता र राज्यको अकर्मण्यताका कारण कार्यान्वयन हुन नसक्नु गम्भीर मानव अधिकारको उल्लंघन मात्र होइन, राज्यकै लाचारी हो ।

कारागार व्यवस्थापन विभागको पछिल्लो तथ्यांक अनुसार हाल देशभरका कारागारमा १ हजार ५२४ जना ज्येष्ठ नागरिक कैदीबन्दी छन्, जसमा झन्डै २७ प्रतिशत अर्थात् ४०५ जना कानुनअनुसार कैद छुट पाउन सक्ने स्पष्ट सूचीमा परेका छन् । यति ठुलो सत्त्यामा वृद्धहरु छुट पाउने योग्यता राख्दा राख्दै पनि प्रक्रियागत ढिलासुस्ती र इच्छाशक्तिको अभावका कारण जेलको चार पर्खालभित्रै जीवनको अन्तिम घडीहरु गन्न बाध्य छन् ।

केन्द्रीय कारागार जगन्नाथदेवलकै उदाहरण हेर्ने हो भने, त्यहाँ रहेका १३६ जना ज्येष्ठ नागरिकमध्ये अधिकांश मुटुरोग, मधुमेह, मिर्गौला रोग, प्यारालाइसिस र पार्किन्सनजस्ता कडा दीर्घरोगबाट ग्रस्त छन् । कतिपयलाई चौबीसै घण्टा अक्सिजनको सहारा आवश्यक पर्ने र १०१ जनाको त विभिन्न अस्पतालमा उपचार भइरहेको वर्तमान अवस्थामा, न्यूनतम मानवीय सुविधासमेत अभाव भएका कारागारहरुमा यस्ता जटिल रोगी वृद्धहरुलाई राखिरहनु सर्वथा अनुचित देखिन्छ ।

वास्तवमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ र फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ ले उमेरका आधारमा कैदीहरुलाई वर्गीकरण गरी विशेष सहुलियतको व्यवस्था गरेको छ । कानुनले ६५ देखि ७० वर्ष उमेर समूहलाई २५ प्रतिशत, ७० देखि ७५ वर्षलाई ५० प्रतिशत र ७५ वर्षमाथिकालाई ७५ प्रतिशतसम्म कैद छुट दिन सकिने स्पष्ट मार्गप्रशस्त गरेको छ ।

विडम्बनाको कुरा त के छ भने, कानुनले ७५ वर्षमाथिका वा अशक्त कैदीलाई कारागारको साटो 'हेरचाह केन्द्र' मा राख्न सक्ने व्यवस्था गरेको दुई दशक पुग्न लाग्दा पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायतका सम्बद्ध निकायले देशभर एउटा पनि त्यस्तो केन्द्र स्थापना गर्न सकेका छैनन् ।

अपराध गर्नेले सजाय पाउनुपर्छ भन्नेमा दुई मत हुन सक्दैन, तर सजाय भोग्ने क्रममा नागरिकको मानवीय गरिमा र कानुनी हकको सम्मान हुनु राज्यको प्राथमिक दायित्व हो । सरकारले आलटाल नगरी तुरुन्तै सुविधासम्पन्न ज्येष्ठ नागरिक हेरचाह केन्द्रहरुको निर्माण कार्य सुरू गर्नुपर्छ ।

# मोरङमा नापजाँच र मूल्य समायोजनमा बेथिति

उर्लाबारी/ पूर्वाधार विकास कार्यालय मोरङमा बेथिति देखिएको छ । मोरङको भाउन्ने-आमतोला सडक खण्डको १० किलोमिटर कालोपत्रका लागि रौताह कन्ट्रक्सन उदयपुरसँग १६ करोड ६३ लाख २३ हजार रूपैयाँमा सम्झौता भएको थियो ।

तत्कालीन कार्यालय प्रमुख सुशील श्रेष्ठको कार्यकालमा भएको उक्त निर्माण कार्यको ११ औँ रनिङ बिल भुक्तानी गर्दा अस्फाल्ट (कालोपत्र गर्ने सामग्री) को परिमाणमा ठूलो हेरफेर गरिएको पाइएको छ । नापजाँचका आधारमा निर्माण कम्पनीलाई १४१.६६ घनमिटरको मात्रै भुक्तानी दिनुपर्नेमा ४४६.५२ घनमिटर काम भएको देखाएर भुक्तानी दिइएको छ । प्रतिइकाइ १३ हजार रूपैयाँका दरले ३०४.८६ घनमिटरको बढी भुक्तानी दिंदा मूल्य अभिवृद्धि करसहित ४४ लाख ७८ हजार रूपैयाँ राज्यकोषबाट बढी खर्च भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ ले रनिङ बिलको भुक्तानी अनिवार्य रूपमा नापजाँचका आधारमा मात्रै गर्नुपर्ने व्यवस्था गरे पनि यहाँ भने नापजाँचविना नै रकम निकासा दिइएको हो ।

# सम्झौता विपरीत ९२ लाख भुक्तानी

ओखलढुंगा/ पूर्वाधार विकास कार्यालय ओखलढुंगाले खरिद सम्झौताको सर्त नै मिचेर निर्माण व्यवसायीलाई ९२ लाख ३४ हजार रूपैयाँ बढी भुक्तानी दिएको पाइएको छ । रमेश राई सञ्चालक रहेको सिंह एन्ड ब्रदर्स विवश जेभीलाई उक्त रकम भुक्तानी गरिएको हो । कोशी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालयले २०७९ वैशाखमा सुरू गरेको बहुवर्षीय आयोजनाअन्तर्गत मानेभञ्ज्याङदेखि मोलुङ खोला-सिकापुसम्म सडक स्तरोन्नति गर्ने लक्ष्य राखिएको थियो । आयोजनाअन्तर्गत ४ किलोमिटर कालोपत्र र ६ किलोमिटर ग्राभेल सडक निर्माण गर्ने योजना रहे पनि हालसम्म कालोपत्रको काम सुरू हुन सकेको छैन । खरिद सम्झौताको विशेष सर्त (एससीसी) को बुँदा ५३.७ मा मूल्य समायोजन दिने व्यवस्था नभए पनि कार्यालयले १२ औँ रनिङ बिलसम्म ९२ लाख ३४ हजार रूपैयाँ भुक्तानी गरेको छ । सम्झौतामा हुँदै नभएको व्यवस्था उल्याएर राज्यकोषबाट रकम बाँडिएको भन्दै महालेखाले सो रकम असुल गर्न निर्देशन दिएको छ ।

# अवसर, चुनौती र कार्यान्वयन परीक्षा



✍ डा धर्मराज भट्टराई

सरकारले २०८३/८४ का लागि अनुमानित आयव्ययको विस्तृत विवरणसहित पेस गरेको वार्षिक बजेट आकारका हिसाबले नेपालको इतिहासकै सबैभन्दा ठूलो बजेट हो । बजेटको आकारमात्र नभई यसले राखेका लक्ष्य, प्राथमिकता तथा स्रोत व्यवस्थापनका योजना पनि उत्तिकै महत्वाकांक्षी देखिन्छन् । सरकारले यसलाई आर्थिक सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा उच्च आर्थिक वृद्धिको आधारशिला बनाउने दाबी गरेको छ । तर, बजेटको सफलता मापन यसको आकारले होइन, कार्यान्वयन क्षमता र स्रोत सुनिश्चितताले गर्ने भएकाले यसको यथार्थ मूल्यांकन आवश्यक छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गत १५ जेठमा संघीय संसद्को संयुक्त बैठकमा २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँबराबरको बजेट प्रस्तुत गरे । यो बजेट राष्ट्रिय स्रोत अनुमान समितिले दिएको सीमाभन्दा झण्डै डेढ खर्ब रूपैयाँले बढी छ । यसअघि, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा रहेको स्रोत समितिले आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब रूपैयाँको बजेट सीमा निर्धारण गरेको थियो । चालू आर्थिक वर्षमा राजस्व संकलन अपेक्षाकृत कम हुनुका साथै खर्च पनि लक्ष्यअनुसार हुन नसकेपछि मध्यावधि समीक्षामार्फत बजेट घटाएर १६ खर्ब ८८ अर्ब रूपैयाँमा सीमित गरिएको थियो । यस्तो परिस्थितिमा स्रोत समितिले आगामी वर्षका लागि अपेक्षाकृत सावधानीपूर्ण दृष्टिकोण अपनाएको थियो । तर, अर्थमन्त्रीले भने राजस्व संकलन र आर्थिक गतिविधिमा उल्लेखनीय सुधार हुने अपेक्षासहित ठूलो आकारको बजेट सार्वजनिक गरेका छन् ।

सरकारले आगामी आवका लागि विनियोजन गरिएको कुल बजेटमध्ये चालू खर्चतर्फ १२ खर्ब ७० अर्ब रूपैयाँ अर्थात् ५९.८ प्रतिशत, पूँजीगत खर्चतर्फ ४ खर्ब ३१ अर्ब रूपैयाँ अर्थात् २०.३ प्रतिशत तथा वित्तीय व्यवस्थापनतर्फ ४ खर्ब २२ अर्ब ६४ करोड रूपैयाँ अर्थात् १९.९ प्रतिशत बजेट छुट्याएको छ । अघिल्लो वर्षको तुलनामा यी तीनै शीर्षकमा वृद्धि गरिएको छ । तर, विगतको खर्च गर्ने क्षमताको अवस्था हेर्दा यति ठूलो बजेट कार्यान्वयन गर्न सरकारलाई सहज हुने देखिँदैन । चालू आर्थिक वर्षको अवस्था हेर्ने हो भने समस्या झनै स्पष्ट हुन्छ । प्रारम्भिकरूपमा १९ खर्ब ६४ अर्ब रूपैयाँको बजेट ल्याइएकोमा जेठ महिनासम्म चालू खर्चको करिब ७५ प्रतिशतमात्र खर्च भएको छ । अझ पूँजीगत खर्चको अवस्था निकै कमजोर देखिन्छ । विकास निर्माणका लागि छुट्याइएको बजेटको करिब एकतिहाइमात्र खर्च भएको छ । आर्थिक वर्ष सकिन केही समयमात्र बाँकी रहँदा पनि विकास खर्चको यस्तो दयनीय अवस्था रहनुले सरकारी संरचनामा रहेको कार्यान्वयन कमजोरीलाई उजागर गर्छ । विगतका वर्ष पनि असारमा हतारहतार खर्च गर्ने प्रवृत्ति दोहोरिँदै आएको छ, जसले खर्चको गुणस्तरमाथि प्रश्न उठाउने गरेको छ ।

विशेषगरी मध्यपूर्वमा बढ्दो तनाव, अन्तर्राष्ट्रिय व्यापारमा देखिएको अनिश्चितता तथा विश्वव्यापी आर्थिक मन्दीको असर नेपालजस्तो आयातमुखी अर्थतन्त्रमा प्रत्यक्ष रूपमा पर्ने सम्भावना छ । विप्रेषण आयले अर्थतन्त्रलाई धानेको भए पनि उत्पादन, लगानी र उद्योग क्षेत्रमा अपेक्षित सुधार नआउँदा राजस्व संकलनमा चुनौती कायम रहने देखिन्छ । यस्तो अवस्थामा सरकारले राखेको राजस्व लक्ष्य पूरा हुनु आफैंमा ठूलो परीक्षा हुनेछ । बजेटको सबैभन्दा चासोको विषय भनेको ऋणमा बढ्दो निर्भरता हो । कुल बजेटको झण्डै ३१ प्रतिशत अर्थात् ६ खर्ब ५७ अर्ब रूपैयाँ ऋणबाट व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ । सार्वजनिक ऋणको आकार लगातार बढिरहेका बेला सरकारले थप ठूलो मात्रामा ऋण लिने योजना बनाएको छ । अहिले नेपालमा सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को झण्डै आधा नजिक पुगेको देखिन्छ । यद्यपि, अन्तर्राष्ट्रिय मापदण्डअनुसार यो अझै जोखिमपूर्ण तहमा नपुगेको तर्क गरिए पनि यसको तीव्र वृद्धि चिन्ताको विषय बनेको छ ।

कृषि, उद्योग, पर्यटन, ऊर्जा तथा सेवा क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ठोस आधार प्रस्तुत नगरी लक्ष्य निर्धारणमात्रै पर्याप्त हुँदैन । लगानी वातावरण सुधार, निजी क्षेत्रको विश्वास पुनर्स्थापना, निर्यात वृद्धि तथा रोजगारी सिर्जनाजस्ता पक्षमा उल्लेखनीय सुधार नभएसम्म उच्च आर्थिक वृद्धिदर हासिल गर्न कठिन हुनेछ । त्यसैले बजेटमा उल्लेख गरिएको ७ प्रतिशतको लक्ष्य व्यवहारमा 'कति सम्भव छ ?' भन्ने प्रश्न अझै खुला नै छ । बजेटले कर प्रणालीमा समेत केही महत्वपूर्ण परिवर्तन गरेको छ । आर्थिक विधेयक २०८३ मार्फत आयकर प्रणाली पुनर्संरचना गर्दै व्यक्तिगत आयमा लाग्ने करको दायरा विस्तार गरिएको छ । वार्षिक १० लाख रूपैयाँसम्मको करयोग्य आयमा १ प्रतिशतमात्र कर लाग्ने व्यवस्था गरिएको छ । यसअघि यस्तो सीमा अविवाहित व्यक्तिका लागि ५ लाख र विवाहितका लागि ६ लाख रूपैयाँसम्म थियो । साथै, अधिकतम आयकर दरलाई ३९ बाट घटाएर २९ प्रतिशत कायम गरिएको छ । यसबाट मध्यम तथा उच्च आय भएका व्यक्तिलाई राहत मिल्ने अपेक्षा गरिएको छ । तर, करको दर घटाउँदा सरकारी राजस्वमा उल्लेखनीय कमी आउने सम्भावना पनि छ । प्रारम्भिक अनुमानअनुसार यसबाट १५ देखि १६ अर्ब रूपैयाँसम्म राजस्व घट्न सक्छ । आर्थिक गतिविधि विस्तार भएर करको आधार फराकिलो बनेमा यस्तो घाटा पूर्ति हुन सक्ने तर्क गरिए पनि तत्कालका लागि राजस्व व्यवस्थापनमा दबाब बढ्ने देखिन्छ ।

उद्योग तथा उत्पादन क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले २ सय ७३ प्रकारका औद्योगिक कच्चा पदार्थमा भन्सार दर घटाएको छ भने ३ सय ६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क हटाएको छ । यसले उत्पादन लागत घटाउन र उद्योगलाई प्रतिस्पर्धी बनाउन मद्दत पुग्न सक्छ । त्यस्तै, आवासीय घरको बिमामा कर छुट तथा डिजिटल माध्यमबाट खरिद गर्दा मूल्य अभिवृद्धि करमा १० प्रतिशत छुट दिने व्यवस्था पनि उपभोक्तामैत्री कदमका रूपमा हेरिएको छ । यस्ता नीतिले डिजिटल कारोबार प्रवर्धन र औपचारिक अर्थतन्त्र विस्तारमा योगदान पुऱ्याउन सक्ने अपेक्षा गरिएको छ । सरकारले राष्ट्रसेवक कर्मचारीको पारिश्रमिक करिब २१ प्रतिशतले वृद्धि गर्ने घोषणा गरेको छ । बढ्दो महँगी र जीवनयापन खर्च मध्यनजर गर्दा कर्मचारीको तलब वृद्धि आवश्यक थियो । तर, यसले राज्यकोषमा करिब ६० अर्ब रूपैयाँभन्दा बढी अतिरिक्त भार थप्ने अनुमान गरिएको छ । 'यसको दीर्घकालीन वित्तीय स्रोत कसरी व्यवस्थापन गर्ने ?' भन्ने विषयमा भने बजेट पर्याप्त स्पष्ट देखिँदैन ।

बजेटले विभिन्न क्षेत्रमा महत्वाकांक्षी कार्यक्रम अघि सारेको छ । ऊर्जा क्षेत्रमा एक वर्षभित्र थप १ हजार ४० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने लक्ष्य राखिएको छ । पूर्वाधारतर्फ करिब १ हजार किलोमिटर सडक कालोपत्रे तथा २ सय ७५ वटा पुल निर्माण गर्ने योजना छ । प्रविधि क्षेत्रमा नेपालकै पहिलो 'सार्वभौम एआई कम्प्युटर केन्द्र' स्थापना गर्ने घोषणा गरिएको छ । कृषि क्षेत्रमा लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म पूँजीगत अनुदान र ८० प्रतिशतसम्म बिमा प्रिमियम अनुदान दिने व्यवस्था गरिएको छ । स्वास्थ्य क्षेत्रमा तीन वर्षभित्र ९० प्रतिशत जनसंख्यालाई स्वास्थ्य बिमा पहुँचमा ल्याउने लक्ष्य पनि उल्लेखनीय छ । यी सबै कार्यक्रम कागजमा आकर्षक र महत्वाकांक्षी देखिए पनि कार्यान्वयन पक्ष नै निर्णायक हुनेछ । नेपालमा योजना घोषणा हुने तर समयमै सम्पन्न नहुने प्रवृत्ति पुरानो समस्या हो । आयोजना व्यवस्थापन कमजोरी, सार्वजनिक खरिद प्रक्रियाको जटिलता, राजनीतिक हस्तक्षेप, भ्रष्टाचार, बेरूजु तथा प्रशासनिक ढिलासुस्तीले विकास परियोजना प्रभावित हुने गरेका छन् । त्यसैले बजेटमा उल्लेख गरिएका योजना पनि 'यथार्थमा कति सफल हुन्छन् ?' भन्ने कुरा कार्यान्वयन क्षमतामै निर्भर रहनेछ ।

नेपालजस्ता विकासोन्मुख मुलुकमा बजेटको सफलता रकमको आकारले मात्रै निर्धारण गर्दैन । बरू, 'बजेटले उत्पादन बढायो कि बढाएन ? रोजगारी सिर्जना गऱ्यो कि गरेन ? निजी लगानी आकर्षित गऱ्यो कि गरेन ? र नागरिकको जीवनस्तरमा सुधार ल्यायो कि ल्याएन ?' भन्ने आधारमा मूल्यांकन गरिनुपर्छ । ठूलो बजेट आफैंमा उपलब्धि होइन, त्यसको प्रभावकारी कार्यान्वयन नै वास्तविक उपलब्धि हो । आगामी आर्थिक वर्षको बजेट महत्वाकांक्षी, विस्तारमुखी र राजनीतिकरूपमा आकर्षक देखिन्छ । यसले आर्थिक गतिविधि बढाउने, निजी क्षेत्रलाई केही राहत दिने तथा विकास निर्माणलाई गति दिने प्रयास गरेको छ । तर कमजोर राजस्व अवस्था, बढ्दो ऋण निर्भरता, न्यून पूँजीगत खर्च क्षमता र विगतको कार्यान्वयन अनुभव हेर्दा बजेटका लक्ष्य सहजरूपमा प्राप्त हुने आधार भने पर्याप्त बलियो देखिँदैन । स्रोत सुनिश्चितता, खर्च प्रभावकारिता, सुशासन तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न नसकिए यो बजेट पनि विगतका धेरै बजेटजस्तै मध्यावधि संशोधनको बाटोमा पुग्न सक्छ । त्यसैले आगामी आर्थिक वर्षको वास्तविक चुनौती बजेट बनाउनु होइन, बजेटलाई कार्यान्वयन गर्नु हो । सरकारले घोषणा गरेका लक्ष्य कागजमा सीमित नरही व्यवहारमा रूपान्तरण हुन सकेमात्र यो बजेट सफल मानिनेछ । अन्यथा, इतिहासकै सबैभन्दा ठूलो बजेटको उपाधिबाहेक यसले अर्थतन्त्रमा अपेक्षित परिवर्तन ल्याउन नसक्ने जोखिम कायमै रहनेछ ।

## रास्वपा कोशी प्रदेश सभापतिमा राई निर्वाचित

दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कोशी प्रदेश सभापतिमा मोरङका चन्द्र राई विजयी भएका छन् । सरिन तामाङ, चन्द्र कुमार गौली र खगेन्द्र कटुवालसहित चार जना प्रतिस्पर्धामा रहेका थिए ।

७०२ मत खसेकामा राईले २८०, तामाङले १४१, गौलीले २७ र कटुवालले ४१ मत पाएका छन् । यसैबिच चुनावमा पराजयसँगै सरिन तामाङले राजनीतिबाट सन्यास लिने घोषणा गरेकी छिन् ।

प्रदेश सभापतिमा चन्द्र राई विजयी भएपछि उनले सामाजिक सञ्जाल फेसबुकमार्फत 'राजनीतिक बिट मारेको घोषणा गरेकी हुन् । उनले फेसबुकमा लेखेकी छिन्, आजबाट राजनीतिक बिट मारे ।

## फौजी कीराले मकै बाली नष्ट

भोजपुर/ दुःख गरेर लगाएको मकैबाली फौजी कीराले क्षति पुऱ्याएपछि भोजपुरका किसान चिन्तामा परेका छन् ।

विशेषगरी बैँसी क्षेत्रका बारीमा कीराको आक्रमण बढी देखिएको छ । फौजी कीराले पात, डाठ र गाभा नै खान थालेपछि बाली सखाप हुने अवस्थामा पुगेको पौवादुङमाका किसानहरु बताउँछन् ।

फौजी कीराले मकैको कोमल भागमा आक्रमण गर्ने गर्दछ । यसले सुरूमा पातमा स(साना प्वाल पार्दै खाने र मकैको गाभाभित्र पसेर भित्री भाग नै खाने गरेको पौवादुङमा(६ ठूलोदुम्माका किसान बलराम राईले बताए ।

'पानी नपरेर मकै राम्रोसँग बढ्न सकेन', उनले भने, 'त्यसमाथि फौजी कीराले झन् नोक्सान गऱ्यो । वर्षात भएमा कीराको क्षति कम हुने थियो । खडेरीका कारण पनि बढी क्षति पुर्याएको अवस्था छ ।' प्रभावित क्षेत्रमा प्राविधिक टोली खटाएर अनुगमन तथा परामर्श दिने काम भइरहेको पौवादुङमा गाउँपालिकाका कृषि शाखाका प्राविधिक वर्तेन्द्र राईले बताए । किसानहरूले समयमै नियन्त्रणका उपाय नअपनाइएमा अझ ठूलो क्षति हुनसक्ने भन्दै सम्बन्धित निकायसँग तत्काल सहयोगको माग गरेका छन् ।


## सरकारले रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने


दमक/ विगत ३१ वर्षअघि सिफारिस भएर पनि हालसम्म कार्यान्वयनमा आउन नसकेको 'सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग' ( रावल आयोग) को प्रतिवेदन, २०५२ लाई अन्ततः सरकारले कार्यान्वयनमा लैजाने भएको छ ।

मन्त्रिपरिषद्को आज बसेको बैठकले सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेशलाई शिरोधार्य गरी प्रतिवेदन कार्यान्वयनमा लैजाने गर्ने निर्णय गरेको हो ।

साथै, सर्वोच्च अदालतको उक्त आदेशलाई टेकेर देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख (लगत) राखी त्यस्ता जग्गाको संरक्षण गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ । मन्त्रिपरिषद् बैठकले यी दुवै निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
✍ प्रचिन विष्ट
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ ।
किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# लागुऔषध तथा विपद् सम्बन्धी सचेतना



उर्लाबारी / कोशी प्रदेशमा बढिरहेको लागुऔषधको नियन्त्रण तथा बाढीपहिरोबाट हुन सक्ने जोखिमयुक्त क्षेत्रको पहिचान, सुरक्षित स्थानको व्यवस्था तथा मनसुनजन्य विपत्मा तत्काल आवश्यक पर्ने उद्धार सामग्रीको व्यवस्था गर्न सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

मोरङमा सम्पन्न लागुऔषधको नियन्त्रण तथा मनसुनजन्य विपद् व्यवस्थापनसम्बन्धी प्रदेशस्तरीय सुरक्षा समन्वय समितिले प्रदेशमा जिल्लास्तरीय सचेतना कार्यक्रम गर्ने योजना तयसमेत गरेको छ ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री माननीय इन्द्रमणि पराजुलीको अध्यक्षता तथा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमले गत वर्ष बर्सातका कारण इलाममा आएको बाढीपहिरोमा परेर क्षतिग्रस्त भएका घरहरूको पुनर्निर्माण गर्न लागत रकम स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय समेत गरेको छ ।

बैठकमा विपद्उद्धारसम्बन्धी तालिम प्राप्त प्रहरी कर्मचारी परिचालनको व्यवस्था तथा सम्पूर्ण निकाय, सम्बन्धित सरोकारवाला सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी विपद्उद्धार सामग्रीसहित तयारी अवस्थामा रहने व्यवस्था मिलाउने लगायतका विषयमा विस्तृत छलफल भएको आन्तरिक मामिला तथा कानुनमन्त्री पराजुलीले जानकारी दिए ।

कार्यक्रममा कोशी प्रदेश सरकारका प्रमुख सचिव राजेन्द्रकुमार पौडेल, प्रदेशस्तरीय सुरक्षा समितिका पदाधिकारी तथा झापा, मोरङ र सुनसरीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला प्रहरी प्रमुखको उपस्थिति रहेको थियो ।

बैठकले मोरङको विराटनगर महानगरपालिका–१६ र झापाको मेचीनगर नगरपालिका–६ मा रहेका होल्डिङ सेन्टरलाई सञ्चालनमा ल्याई लागुऔषध दुर्व्यसनीमा परेका युवाहरूको उपचारका लागि सुधार वा पुनर्स्थापना केन्द्रका रूपमा प्रयोग गर्न कार्यदल गठन गरी सङ्घीय सरकारसमक्ष अनुरोध गर्ने निर्णय समेत गरेको छ ।

**स्वास्थ्य**

# चियासँग भुलेर पनि यी चिज नखानुहोस्



दमक । चिया केवल पेय पदार्थ मात्र होइन, मानिसहरूको दैनिक दिनचर्याको अभिन्न हिस्सा हो । बिहानको खाजा होस् वा साँझ थकान मेट्ने चुस्की, चिया हरेक अवसरमा रमाइलो मानेर पिउने गरिन्छ ।

यद्यपि, चियासँग गलत खाना खाँदा पाचनसम्बन्धी समस्याहरु बढाउन सक्छ र तपाईको स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । आजको यस लेखमा हामी चियासँगै वा चिया खाएपछि बेवास्ता गर्नुपर्ने खानेकुराबारे कुराकानी गर्नेछौं ।

चियामा क्याफिन, ट्यानिन र पोलिफेनोल जस्ता यौगिकहरु हुन्छन्, जसले शरीरमा विभिन्न प्रभाव पार्छन् । यसले निश्चित पोषक तत्वहरूको अवशोषणलाई असर गर्न सक्छ । केही खानाहरूसँग मिलाउँदा यसले ग्यास, एसिडिटी र भारीपन जस्ता पेट समस्याहरु निम्त्याउन सक्छ ।

चियासँग वा तुरुन्तै पछि धेरै मसलादार वा तिखो खानाहरु खाँदा छाती जलन बढ्न सक्छ । लसुन, हरियो खुर्सानी, प्याज र मसलामा पाइने सक्रिय तत्वहरूले ग्यास्ट्रिक एसिड उत्पादन बढाउन सक्छ, जबकि चियामा रहेको क्याफिनले यो प्रभावलाई अझ बढाउन सक्छ। यसले एसिडिटी र अपच निम्त्याउन सक्छ ।

**कागती र चिया सबैका लागि राम्रो होइन**

कागतीमा रहेको साइट्रिक एसिड र चियामा रहेको ट्यानिनले केही मानिसहरूको पाचन प्रणालीमा प्रतिकूल असर पार्न सक्छ । यी सबैलाई एकसाथ सेवन गर्नाले ग्यास, एसिडिटी वा पेट फुल्ने समस्या हुन सक्छ । चिया र कागती युक्त खानाहरु बिचको समय अन्तराल कायम राख्नु राम्रो हुन्छ ।

**चकलेटको साथमा हुन्न चिया पिउनु**

चकलेटमा पहिले नै क्याफिन, थियोब्रोमाइन, ^याट र चिनी हुन्छ । चियासँग सेवन गर्दा केही मानिसहरूलाई पेटमा भारी महसुस हुन सक्छ र क्यालोरीको मात्रा बढ्न सक्छ । चकलेटको अत्यधिक सेवन, विशेष गरी दूध चियासँग, पाचनमा थप तनाव दिन सक्छ ।

**बेसार भएको खाना खाएपछि**

बेसारमा रहेको करक्यूमिन शरीरको लागि फाइदाजनक मानिन्छ, तर चियामा रहेको ट्यानिन र क्याफिनले यसको अवशोषणमा बाधा पुर्याउन सक्छ । यसबाहेक, यो संयोजन खाएपछि केही मानिसहरूले ग्यास वा पेट दुखाइ अनुभव गर्न सक्छन् । त्यसैले, बेसार भएको खाना र चिया बिचको सानो अन्तराल कायम राख्नु राम्रो हुन्छ ।

तातो चिया पछि तुरून्तै चिसो पानी पिउनु हानिकारक

धेरै मानिसहरु तातो चिया पिएपछि तुरून्तै चिसो पानी वा चिसो पेय पदार्थ पिउँछन् । अचानक हुने तापक्रम परिवर्तनले दाँतको इनामेललाई असर गर्न सक्छ । यसले पाचन प्रणालीमा पनि नकारात्मक असर पार्न सक्छ, जसले गर्दा पेट दुख्ने, ग्यास बन्ने वा पेटमा असुविधा हुने हुन्छ ।

**चिया पिउँदा ध्यान दिनुपर्ने कुराहरुः**

चियासँग अत्यधिक मसलादार वा भुटेको खाना नखानुस् ।

कागती र चिया बिच कम्तीमा २०(३० मिनेटको अन्तराल दिनुस् ।

चकलेट वा गुलियो खाजा सीमित गर्नुस् ।

बेसार भएको खाना खाएपछि तुरून्तै चिया नपिउनुस् ।

तातो चिया पछि तुरून्तै चिसो पानी वा बरफ चिसो वस्तुहरु नपिउनुस् ।

**साहित्य**

# आस्था



◆ जीवन वेघा 'विवश'

माङसेबुङ गाउँ कति रमाईलो
माङ भगवान बास बस्ने
पवित्र गाउँ फक्ताङ्लुङ हिमाल
सुन्दर झलल मुनि किराँत धर्म गुरूआमा
पवित्र धार्मिक आश्रम सुन्दर
पवित्र मनमोहक काटमार हिंसारहित
फक्ताङ्लुङ हिमाल मुनि
पवित्र देवस्थल धार्मिक विश्व किराँती जनको
आस्थाको धडकन गुरु गुरूआमा
सुन्दर धार्मिक पवित्र स्थान
माङ्सेबुङ फक्ताङ्लुङ हिमालको काखमा
काटमार कुरितिमा लागेको समाजलाई
सुधार्नु हुने राष्ट्रिय विभुती फाल्गुनन्द
सम्पूर्ण मानव जातिको आस्थाको धरोहर
विश्व किराँतीको एकताको आस्था
फक्ताङलुङ हिमाल मुस्कुराएको झलल
पवित्र देवस्थल लाखौं किराँती जनको
आस्थाको धरोहर सुन्दर धार्मिक पवित्र
माङसेबुङ डाँडा महमाई दोभान
प्राकृतिक छटकामा रमाएको
आहा कति पवित्र मनमोहक
विश्व किराती जनको
आस्थाको धरोहर
जीवन भोगाईका दृष्टि कविता संग्रहबाट

**लघु कथा**



◆ दिव्य गिरी

देशमाभरमा सबैभन्दा अग्लो र पहिलो भ्यूटावरको निर्माण सम्पन्न भयो । त्यसको उद्घाटन गर्ने शुभ-मुहुर्तको दिन पनि आयो । पर्यटन मन्त्री, मन्त्रीका आसेपासे र भ्यूटावर निर्माता कम्पनीको ठेकेदारसमेतको एउटा झुन्ड निकै हर्षोल्लासकासाथ उद्घाटन समारोहमा उपस्थित भए ।

मन्त्रीबाट विधिवत भ्यूटावरको उद्घाटन भयो । भ्यूटावरबारे मन्तव्य व्यक्त गर्ने पालो मन्त्रीको आयो । उनले मन्तव्य व्यक्त गर्दै भने –"यो क्षेत्रमा यति ठूलो र भव्य भ्यूटावर बन्नु यहाँका जनताको लागि मात्रै नभइ देशकै गर्वको विषय हो । देशमा आन्तरिक र वाह्यपर्यटकलाई यो भ्यूटावरले निकै आकर्षण गर्दछ र यो ठाउँको महत्त्व पनि बढाउँछ । देशमा धेरैभन्दा धेरै पर्यटक ल्याउन यस्ता भ्यूटावरहरु देशैभर बन्नुपर्दछ ।"

मन्त्रीको भाषणमा सबैले जोडदार ताली बजाए ।

उद्घाटनपछि मन्त्रीलगायत सबैले भ्यूटावरको माथिल्लो कौसीबाट देखिने वरिपरिका दृश्यहरु रमाइलो मान्दै हेर्न थाले ।

नाङ्गै भुतुङ्गै स-साना केटाकेटी, झुत्रो कपडा लगाएका वृद्ध-वृद्धा र आइमाईहरु झोपडपट्टीबाट भ्यूटावरमा भइरहेको गतिविधि हेरिरहेका थिए ।

"अहा! यहाँबाट सुकुम्बासी बस्ती विशाल र प्रष्ट देखिने रहेछ ।" मन्त्रीले हाँस्दै भने ।

**सामान्य ज्ञान**

१, नेपालमा केवट जातिको बसोबास रहेको जिल्ला कुन हो ?
(क) मोरङ (ख) सुनसरी (ग) सिराहा (घ) उदयपुर
२, विश्वमा सर्वप्रथम सार्वजनिक स्थानमा धूमपान निषेध गर्ने देश कुन हो ?
(क) भारत (ख) नेपाल (ग) भुटान (घ) म्यानमार
३, इतिहास प्रशिद्ध भण्डारखाल पर्वको अर्को नाम के हो ?
(क) राणा पर्व (ख) बस्नेत पर्व (ग) कोत पर्व (घ) शाह पर्व
४, नेपालमा सामाजिक सुरक्षा दिवस कहिले मनाइन्छ ?
(क) मङ्सिर नौ गते (ख) मङ्सिर १० गते (ग) मङ्सिर ११ गते (घ) मङ्सिर १२ गते
५, २०७९ सालको भारती खरेल स्मृति पुरस्कार कसलाई प्रदान गरिएको छ ?
(क) प्रा. डा. लक्ष्मणप्रसाद गौतम (ख) प्रा.डा. माधवप्रसाद पोखरेल (ग) प्रा.डा. खेम कोइराला बन्धु (घ) प्रा.डा. वासुदेव त्रिपाठी
६, नेपालको प्रसिद्ध गोकर्णेश्वर महादेवको मन्दिर कुन जिल्लामा अवस्थित छ ?
(क) ललितपुर (ख) भक्तपुर (ग) काठमाडौं (घ) काभ्रेपलाञ्चोक

उत्तर : १ (क), २ (ग), ३ (ख), ४ (ग), ५ (घ), ६ (ग)

**विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व**

# मेरी क्युरी



◆ सुमित्रा सिंह

**पोल्याण्ड :**
**नोबेल पुरस्कार विजेता वैज्ञानिक**
**जन्म :** १८६७
**मृत्यु :** १५३४

सन् १९०२ मा पियरेले विज्ञान प्रतिष्ठानको सदस्यताको लागि आवेदन दिए तर उनलाई सदस्यता दिइएन । त्यही वर्षको जुलाईमा मेरीले रेडियमको सानो अंश नुनको रूपमा छुट्याइन् । रेडियम तताएमा शक्तिको श्रोत हुन सक्ने तथ्यलाई मध्यनजर गरेर सम्पूर्ण जनता यस अनौठो तत्त्वमा उत्सुक थिए । रेडियमको खोजीमा लाग्ने क्यूरी दम्पतीको विज्ञानको इतिहासमा स्थान सुनिश्चित थियो ।

सन् १९०३ को जूनमा मेरीले विकिरणको बारेमा तयार पारेको रिपोर्ट प्रोफेसरहरूको सामु प्रस्तुत गरिन्, जसले उनलाई पीएचडी डिग्री दिलायो । त्यस्तो डिग्री प्राप्त गर्ने उनी फ्रान्समै प्रथम महिला भइन् । नोभेम्बर, १९०३ मा उनले अझ ठूलो सम्मान प्राप्त गरिन्, भौतिक विज्ञानमा नोबेल पुरस्कार । यो पुरस्कार मेरी, पियरे र हेनरी व्याकुरेललाई सँगै दिने घोषणा गरिएको थियो ।

६ डिसेम्बर, १९०४ मा मेरीले दोसी छोरी इभ डेनिस क्यूरीलाई जन्म दिइन् । र सन् १९०५ को जूनमा पियरे दम्पती स्वीडेनमा नोबेल पुरस्कार थाप्न पुगे । अर्को वसन्तमा एउटा डरलाग्दो दुर्घटना भयो । पियरे विचारमग्न भएर पेरिसमा हिंड्दै थिए र सायद विकीरणको असरले बिरामी पनि थिए, उनी पुलमा अडेस लागेर बसेका थिए । उनलाई एउटा घोडागाडीको घोडाले ठक्कर मात्र दिएन, घोडागाडी उनीमाथिबाट कुद्यो र उनको मृत्यु भयो। त्यो दिन सन् १९०६ को अप्रिल १८ थियो ।


श्रीमान्को मृत्युपछि मेरी कति विक्षिप्त भइन् भन्ने कुराको कल्पनासम्म गर्न सकिदैन । मेरी ३९ वर्षको उमेरमा विधवा भएकी थिइन् । उनलाई आफ्नी आमा र दिदी एकैसाथ मृत्यु हुँदा भएकोभन्दा ज्याद पीडा भयो पियरेको मृत्युमा । उनी धेरै निराश भइन् । उनी आफ्ना छोरीलाई सम्हाल्न सक्ने स्थितिमा समेत रहिनन् ।

सन् १९११ मा उनले रसायन शास्त्रको निम्ति दोस्रो नोबेल पुरस्कार जितिन् । यसरी दुई पटक नोबेल पुरस्कार जित्ने मेरी दोस्री व्यक्ति हुन् तर प्रथम महिला । सन् १९१२ देखि १९१३ सम्म मेरीका छोरीहरु एक पोलिस परिचारिकाबाट हुर्काइँदै थिए । मेरी बिरामी हुँदै थिइन् । उनको दिमागी सन्तुलन बिग्रदै थियो ।

मेरी र उनकी किशोरी छोरी इनेन, युद्धको समयमा भएका घाइतेलाई बचाउन चाहन्थे । दुवै आफ्नो अथक प्रयत्नले एक्स–रे ट्रक युद्धभूमिमा लैजान सफल भए । एक्स–रेको सहायताले घाउ लागेको ठाउँको पहिचान गर्न सजिलो पर्थ्यो । यसले उपचार पद्धतिलाई ठूलो सघाउ पुऱ्याएको थियो । इरेनले नथाकिकन बेल्जिम र फ्रान्समा बिरामीहरूको उपचार गरिन् भने इभचाहि आफ्नी परिचारिकासँग रहिन् ।

सन् १९३३ मा मेरी एनिमिया रोगले थला परिन् । प्रयोगशालामा धेरै व्यस्त भएकोले अत्याधिक विकीरणका असरले मारियाका हड्डीहरु काम नलाग्ने भइसकेका थिए । तैपनि उनले आफूलाई काममा लगाउन भने छोडिनन् । सन् १९३४ उनी झन् शिथिल भइन् । यस बेला उनकी सानी छोरी इभाले उनको स्याहारसुसार गरिन् । डाक्टरले उनलाई स्वच्छ हावा खानका निम्ति फ्रान्सेली पहाड अल्पसको यात्रा गर्ने सल्लाह दिए । थकित र रोगग्रस्त मारियाले आफ्नो अन्तिम यात्रा निश्चित गरिन् । उनले सन् १९३४ जुलाई ४ मा सेन्सेलिमोज नामक स्वास्थ्य केन्द्रमा ६६ वर्षको उमेरमा देह त्याग गरिन् । +++

**विश्वकप विशेष**



# पाराग्वेमाथि अमेरिकाको शानदार जित



दमक/ आयोजक राष्ट्र अमेरिकाले फिफा विश्वकप २०२६ को आ^नो अभियान शानदार जितसहित सुरू गरेको छ ।

लस एन्जलसस्थित सोफी स्टेडियममा शनिबार बिहान भएको समूह चरणको खेलमा अमेरिकाले पाराग्वेलाई ४(१ ले पराजित गऱ्यो ।

खेलको सुरूआतदेखि नै आक्रामक देखिएको अमेरिकाले सुरूआतमै अग्रता लियो। वेस्टन म्याकेनीले दिएको क्रसलाई पाराग्वेका डिफेन्डर डामियान बोबाडिल्लाले आ^नै पोस्टमा गोल गरेपछि अमेरिकाले ७ औं मिनेटमा नै अग्रता लिएको हो ।



त्यसपछि अमेरिकाका स्ट्राइकर फोलारिन बालोगुन खेलका नायक बने । अफसाइडका कारण उनको एक सुन्दर गोल अमान्य भए पनि त्यसपछि उनले ३१ औं र पहिलो हाफको इन्जुरी समयमा दुई उत्कृष्ट गोल गर्दै टोलीलाई बलियो अवस्थामा पुऱ्याए ।

पाराग्वेका लागि माउरिसियोले खेलको अन्त्यतिर (७३ औं मिनेटमा) एक गोल फर्काउँदै अन्तर घटाउने प्रयास गरे। तर जियोभान्नी रेयनाले खेल सकिनै लाग्दा शानदार फिनिसिङमार्फत अमेरिकाका लागि चौथो गोल थप्दै टोलीको शानदार जित सुनिश्चित गरे ।

घरेलु समर्थकमाझ अमेरिकाले विश्वकपको शानदार सुरूआत बनाउँदा पाराग्वेका लागि भने यो खेल निकै निराशाजनक रह्यो । यस जितसँगै अमेरिकाले समूह चरणमा महत्वपूर्ण तीन अंक जोडेको छ ।

◆◆◆




आज मिति
२०८३ साल
जेठ ३१ गते
आइतबार
14 June 2027
तिथि: चतुर्दशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | व्यवसायमा घाटा । नशा, हड्डी सम्बन्धी समस्या । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | रोजगारीको अवसर । सामान्य लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | नयाँ कामको थालनी । कुलको उद्दार हुने काम गर्नुपर्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | धर्ममा रुचि । पढाइमा सफलता । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शारीरिक पीडा । शत्रु बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | विपरीत लिंगीबाट सहयोग । कारोबार राम्रोसँग चल्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | आम्दानी बढ्ने । मावलीको प्रगति । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | साझेदारी काममा फाइदा । व्यक्तित्वको विकास । |
| धनु | ये यो भा भी भ धा फा ढ भे | शारीरिक पीडा । सामान हराउने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | तिर्थ यात्रा । प्रतिष्ठा बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | उत्तम भोजन । शिक्षामा रुचि । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | प्रेममा सफलता । रोजगारीको अवसर । |

# झापामा संयुक्त.....




...टोली परिचालन भइसकेको छ । यो केवल प्रशासनिक गतिविधि मात्र होइन,

भविष्यमा हुने राजनीतिक निर्णयको आधार तयार गर्ने प्रक्रिया पनि हो ।

नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिबाट निर्देशित भए पनि दुई सय वर्षभन्दा बढी समयपछि पनि कतिपय क्षेत्रमा विवाद कायम रहनु स्वयंमा चुनौतीपूर्ण अवस्था हो । विशेषगरी लिम्पियाधुरा, लिपुलेक, कालापानी र सुस्ता जस्ता क्षेत्र अझै पनि पूर्ण रूपमा समाधान हुन सकेका छैनन् । तर यिनै विवादित क्षेत्रबाहेक अन्य धेरै स्थानमा देखिएका दसगजा अतिक्रमण, सीमास्तम्भ हराउने, क्षति हुने वा स्थानान्तरण हुने समस्याहरूलाई भने प्राविधिक रूपमा समाधान गर्न सकिने अवस्था छ । अहिले भइरहेको संयुक्त फिल्ड अध्ययन त्यसै दिशामा केन्द्रित देखिन्छ ।

यसैबीच प्रधानमन्त्री बालेन्द्र शाहले संसदमा उठाएको सीमा सम्बन्धी विषयले राष्ट्रिय बहसलाई नयाँ उचाइमा पुऱ्यायो । सो विषयमा अन्तर्राष्ट्रिय जगतको ध्यानाकर्षण गरायो, जानकारी दियो र समाधानको बाटो खोज्न अभिप्रेरित गऱ्यो । बालेनको अभिव्यक्ति मूलतः सीमा क्षेत्रको अतिक्रमण, राष्ट्रिय स्वाभिमान र राज्यको उदासीनतामाथि केन्द्रित थियो । उनको अभिव्यक्तिले आम नागरिकको ध्यान सीमातर्फ तान्यो । तर त्यसपछि संसदमा प्रतिपक्षले सीमा मुद्दालाई राजनीतिक अस्त्रका रूपमा प्रयोग गर्न खोज्दा बहस केही हदसम्म भावनात्मक र आरोप-प्रत्यारोपमा केन्द्रित हुनु विडम्बनापूर्ण देखियो ।

यहीँनेर एउटा महत्वपूर्ण प्रश्न उठ्छ—के सीमा समस्या राजनीतिक नारा बनेर समाधान हुन्छ कि प्राविधिक र कूटनीतिक प्रक्रियाबाट ? बिर्तामोडमा हालै सम्पन्न संयुक्त समीक्षा बैठकले यसको उत्तर दिएको देखिन्छ । झापा, इलाम, पाँचथर र ताप्लेजुङसँग जोडिएका सीमा क्षेत्रमा सीमास्तम्भको अवस्था, मर्मत तथा पुनःनिर्माणको समीक्षा हुनु, संयुक्त टोलीले तीन महिनाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नु तथा आगामी कार्ययोजना तय गर्नुले दुवै देश अब व्यवहारिक समाधानतर्फ उन्मुख भएको संकेत गरेको छ ।

सीमा व्यवस्थापनमा सबैभन्दा ठूलो समस्या राजनीतिक इच्छाशक्ति अभावभन्दा पनि निरन्तरताको अभाव हो। सरकार फेरिएसँगै प्राथमिकता फेरिने, समिति गठन हुने तर निष्कर्ष कार्यान्वयन नहुने प्रवृत्तिले धेरै विषय वर्षौंसम्म थन्किएका छन् । अहिले देखिएको सक्रियता स्थायी बन्न सकेमा मात्र यसको वास्तविक परिणाम देखिनेछ । अन्यथा यो पनि विगतका धेरै संयुक्त बैठकजस्तै कागजमै सीमित हुने जोखिम रहन्छ ।

नेपालका लागि अर्को चुनौती भनेको सीमा मुद्दालाई राष्ट्रिय सहमतिका साथ अघि बढाउनु हो । सीमा र सार्वभौमिकताको विषय कुनै एक दल, सरकार वा व्यक्तिको एजेन्डा बन्नु हुँदैन। बालेनको अभिव्यक्ति, प्रतिपक्षको दबाब, रवि लामिछानेको कूटनीतिक पहल र परराष्ट्र मन्त्रालयको संस्थागत प्रयास—यी सबैलाई प्रतिस्पर्धी होइन, परिपूरक प्रक्रियाका रूपमा हेर्न सकियो भने मात्रै राष्ट्रिय हित सुनिश्चित हुन सक्छ ।

पछिल्ला घटनाक्रमले कम्तीमा एउटा सकारात्मक संकेत दिएका छन्। वर्षौंदेखि राजनीतिक भाषणमा सीमित रहेको सीमा बहस अब सीमास्तम्भको मर्मत, नक्सांकन, अतिक्रमणको अभिलेखीकरण र संयुक्त निरीक्षणजस्ता ठोस कार्यमा रूपान्तरण हुन थालेको छ। यदि यही गति कायम रह्यो भने नेपाल-भारत सीमा सम्बन्धी धेरै समस्या भावनात्मक विवादको विषयभन्दा बाहिर आएर तथ्य र संवादको आधारमा समाधान खोज्ने दिशामा अघि बढ्न सक्छन् ।

अन्ततः सीमा विवाद समाधानको पहिलो सर्त संवाद हो, दोस्रो तथ्य हो र तेस्रो निरन्तरता । अहिले नेपाल-भारत सम्बन्धमा यी तीनवटै तत्व एकैसाथ देखिन थालेका छन् । त्यसैले पछिल्ला घटनाक्रमलाई केवल राजनीतिक समाचारका रूपमा होइन, सीमा राजनीतिबाट सीमा व्यवस्थापनतर्फको सम्भावित संक्रमणका रूपमा हेर्नु अधिक उपयुक्त हुनेछ ।

## दशगजा...



रहेको थियो । तीन महिनाको अवधिमा सम्पन्न फिल्ड कार्यको प्रगति, सीमा व्यवस्थापन र आपसी समन्वयका विषयमा पनि छलफल भएको थियो । झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बैठकमा सीमा विवादभन्दा पनि सीमा स्तम्भहरूको अवस्था र मर्मतसम्भारका विषयमा केन्द्रित छलफल भएको बताए । नापी विभागका वरिष्ठ नापी अधिकृत हरेराम यादवका अनुसार कमजोर तथा नदीले क्षति पुऱ्याएका सीमा स्तम्भहरूको अवस्थाबारे संयुक्त रूपमा समीक्षा गरिएको हो ।

यद्यपि बैठकमा दशगजा क्षेत्रमा भइरहेको अतिक्रमण र खेतीपातीका विषय पनि उठेको स्रोतले जनाएको छ । त्यसलगत्तै कचनकवल गाउँपालिका-५ पाठामारीस्थित दशगजा क्षेत्रमा लगाइएको चिया खेती हटाइएको हो । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार सुनकोशी चिया बगानले दशगजा क्षेत्रमा लगाएका करिब ६० देखि ६५ वटा चियाका बोट संयुक्त सीमा गस्ती टोलीले हटाएको छ । प्रहरी चौकी पाठामारी, बीओपी पाठामारी र भारतीय सशस्त्र सीमा बल (एसएसबी) को संयुक्त टोलीले सीमा स्तम्भ नम्बर ११४ नजिक रहेका चियाका बोट उखेलेको जनाएको छ । उक्त चिया बगान स्थानीय व्यवसायी दिलबहादुर थेबेको रहेको बताइएको छ ।

## न्यायिक....

यस प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, तत्कालीन गृह सचिव टेकनारायण पाण्डे र तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई लगायतका शक्तिशाली व्यक्तिहरु तानिएका थिए । पछि यसै मुद्दामा थप दुई वटा पूरक अभियोग पत्रहरु समेत दर्ता गरिएपछि अदालतले यी तीनै वटा मुद्दालाई एकै ठाउँमा राखेर सुनुवाइ अघि बढाउने भएको हो ।

यस प्रकरणका अभियुक्तहरूको कानुनी अवस्था र थुनामुक्त हुने प्रक्रिया निकै पेचिलो बन्दै आएको छ । सुरुमा जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जेल चलान गरिएका प्रतिवादीहरु पछि उच्च र सर्वोच्च अदालतसम्म पुगेका थिए । अदालतको पछिल्लो आदेश अनुसार पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृह सचिव टेकनारायण पाण्डे र सुरक्षा सल्लाहकार इन्द्रजित राई हाल पनि कारागारमै छन् । त्यस्तै, पछिल्लो समय पक्राउ परेका पूर्वगृहमन्त्रीका छोरा प्रतीक थापा र बिचौलीया बेचन झा पनि पुर्पक्षका लागि थुनामै रहेका छन् । अर्कातर्फ, पूर्वगृहमन्त्री बालकृष्ण खाण, टोपबहादुरका छोरा सन्दीप रायमाझी, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र पूर्वसांसद आङटावा शेर्पा लगायतका प्रतिवादीहरु भने अदालतको आदेश बमोजिम मोटो रकम धरौटी बुझाएर रिहा भइसकेका छन् ।

तेस्रो देश पुनर्बसोबासको प्रक्रिया सकिएपछि बाँकी रहेका शरणार्थीको समस्या समाधान गर्न सरकारले बालकृष्ण पन्थीको नेतृत्वमा एउटा कार्यदल गठन गरेको थियो । संगठित गिरोहले गृह मन्त्रालयको प्रशासनिक नेतृत्वलाई आर्थिक प्रलोभनमा पारेर सोही पन्थी कार्यदलको सक्कल प्रतिवेदन नै गायब र किर्ते गरेको अनुसन्धानबाट खुलेको थियो । तत्कालीन गृह सचिव टेकनारायण पाण्डेले कार्यदलको प्रतिवेदन गिरोहको हातमा पुऱ्याएपछि, गृह मन्त्रालयको गोप्य दस्ताबेजको अनुसूचीमा रकम असुल गरिएका ४ सय २९ जना नेपाली नागरिकको नाम नक्कली भुटानी शरणार्थीका रूपमा थपेर नयाँ सूची घुसाइएको थियो ।

झापादेखि कञ्चनपुरसम्मका सोझा युवाहरूलाई अमेरिका पठाउने प्रलोभनमा पारेर करोडौँ रूपैयाँ उठाइएको यो धन्धाको पोल १२ चैत २०७९ मा गिरोहका मुख्य योजनाकार केशव दुलालसहितका व्यक्तिहरु पक्राउ परेपछि खुलेको थियो । प्रहरीको सुक्ष्म अनुसन्धानले देशका नीति-निर्माण र सुरक्षा संयन्त्रको माथिल्लो तहमा रहेका व्यक्तिहरूलाई समेत कानुनको दायरामा ल्याउन सफल भयो । तीन वर्षसम्मको कानुनी दाउपेच र प्रक्रियागत अलमलपछि जिल्ला अदालतमा सुरू भएको यो निरन्तर सुनुवाइले देशको इतिहासकै यो ठूलो भ्रष्टाचार र संगठित अपराधको मुद्दालाई तार्किक निष्कर्षमा पुऱ्याउने र पीडितहरूले न्याय पाउने विश्वास गरिएको छ ।

## अन्तर्राष्ट्रिय

# भारतमा वायु सेनाको विमान दुर्घटना

एजेन्सी/ भारतीय वायु सेना (आइएएफ) को एएन-३२ परिवहन विमान शनिबार भारतको उत्तरपूर्वी राज्य आसाममा दुर्घटनाग्रस्त भएको छ । अधिकारीहरूले दुर्घटनापछि तत्काल उद्दार तथा सुरक्षा कार्य सुरू गरिएको जनाएका छन् ।

विमान आसामको जोरहाट जिल्लास्थित आइएएफ स्टेशनमा अवतरण गर्ने क्रममा दुर्घटनामा परेको हो । यो क्षेत्र राजधानी दिसपुरबाट करिब २९८ किलोमिटर उत्तरपूर्वमा पर्छ । यस क्षेत्रमा कार्गो तथा आपूर्तिका लागि प्रयोग हुने दुई इन्जिन भएको टर्बोप्रप विमान नियमित उडानका क्रममा अवतरण प्रयास गर्दा दुर्घटनाग्रस्त भएको बताइएको छ । भारतीय वायुसेनाले दुर्घटनाको कारण तत्काल खुल्न नसकेको बताउँदै छानबिन सुरू गरिएको जनाएको छ ।

# लेवनानमा इजरायली आक्रमण

एजेन्सी/ निकासी चेतावनी जारी गरेको केही समयपछि इजरायली सेनाले छापा मारी नबतीह शहर सहितका विभिन्न २० वटा स्थानहरूमा इजरायले आक्रमण गरेको लेबनानले रिपोर्ट गरेको छ । लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले इजरायली हवाई आक्रमणले नबातियाहबाट टाढा अवस्थित रिहान र सुजुड गाउँहरूसहित चेतावनी जारी गरिएका धेरै क्षेत्रहरूमा प्रहार गरेको बताएको छ ।

इजरायल र हेजबुल्लाह लामो समय देखि नै युद्धमा छन् भने इरान समर्थित समूहले लेबनानलाई मध्य पूर्वको द्वन्द्वमा इजरायलमा रकेट फायर गरेर अमेरिका-इजरायल आक्रमणमा इरानको सर्वोच्च नेताको हत्याको बदला लिन लगाएको जनाइएको छ । इजरायलले आक्रमणको अभियान निरन्तर जारी गर्दा लेबनानमा तीन हजार ७०० भन्दा बढी मानिसहरूको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

इजरायली सेनाले चेतावनीले जारी गर्दै बासिन्दाहरूलाई तुरून्तै आˆनो घर खाली गर्न र इजरायलसँगको दक्षिणी सीमाबाट करिब ४५ किलोमिटर टाढा जहरानी नदीको उत्तरमा जान आग्रह गरेको जनाइएको छ ।

**विकास....** सडक निर्माण भइरहेको छ । उक्त योजनामा आवश्यक पूर्वाधार र निर्माण गुणस्तरलाई विशेष ध्यान दिइएको उपभोक्ता समितिले जनाएको छ । केही सडकमा लकिङ टायल बिछ्याइएको छ भने अन्यमा तयारी भइरहेको छ ।
यसैबीच, आम्दा रोडबाट ग्रिनवे बोर्डिङसम्मको सडक संघीय सरकारको ५० लाख रूपैयाँ विशेष अनुदानमा निर्माण भइरहेको छ । गत वर्षसम्म आवतजावतमा कठिनाइ हुने एलम्बर चोकदेखि वडा कार्यालयसम्मको सडक नगरपालिकाको आन्तरिक स्रोतबाट स्तरोन्नति भई सडक, भवन र कम्पाउण्डसहित व्यवस्थित बनेको छ । नियमित अनुगमनकै कारण विकास योजनाहरु प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बन्दै गएका दावी नगरपालिकाको छ ।

# सडक अवरूद्ध

खोटाङ/ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ बुवालुङ स्थित पत्तुखोलामा आएको बाढीले सडक बगाउँदा दिक्तेल-चखेवाभञ्ज्याङ सडक तीन दिनदेखि अवरूद्ध भएको छ । मध्यपहाडी लोकमार्ग अन्तर्गत दिक्तेल-चखेवा भञ्ज्याङ खण्डमा माथिबाट झरेको पहिरोसहितको बाढीले करिब ५० मिटर सडक बगाएपछि तीन दिनदेखि यातायात आवागमन अवरूद्ध भएको हो । मोटरेबल पक्की पुल निर्माणाधीन अवस्थामा रहेको पत्रुखोलामा सडकमाथिबाट आएको बाढीले खोलेर ठूलो खाडल बनाएपछि पैदल यात्रुसमेत वारपार गर्न सक्ने अवस्था नभएको स्थानीय बताउँछन् ।







## मौसमी हाँस्य-व्यंग्ये

# मुखुण्डे पत्रकार ऐंसेलु झाँगेको लुँडे टुप्पी उखेल्नै पाइएन यार !

-: 'व्यंग्यनारान पाँडे' :-

टाउकाको कपाल समेत झन्नै छ-आठ इञ्च अग्लो र चुच्चो ढाका टोपी र पछाडि लुँडे टुप्पीको लट्टे फुर्को, इण्डियन बिहारी गाउँको स्वघोषित मुखियाको जस्तो चतुरे-चत्तेहरूले लाउने शैलीको ह्वार्लाङ्ङ घुँडासम्म लामो पहेंलो कुर्था, नलीखुट्टाभन्दा झन्नै दुई गुणा ठूलो सेतो पोलिस्टरको हात्तीसुँडे पङ्स् मार्का सुरूवाल, खुट्टामा छिर्केमिर्के प्लास्टिकको सस्तो चप्पल, आँखा बस्ने खोपिल्टाका दुईतिरका डिलभन्दा झन्नै दुई-दुई औंला ठूलो गगल्स र त्यसमा 'एचष्अभ- च्क.१५/' छापिएको लिप्टो झुण्डिएको, काँधमा एकातिर आसामे-मणिपुरे सुतीको घुर्मैलो गाम्छा र अर्कातिर दुईतिर फुर्का भएको झोला ।...

आज यस्तो पहिरनमा पान चपाउँदै, जम्मै ओठमा रात्तै र काप-कापमा चुहुन लागेको राललाई , अर्जुन नरसिंह केसीले जस्तै, जिब्रो खेलाएर सम्हाल्दै आएको थियो ऐंसेलु झाँगे । -

ऊ पाँडे बसिरहेको बार्दलीमा चप्पल नखोली धडाधड आएर कुर्सीमा बस्यो र गाम्छाले निधार, गर्धन र गाला पुछ्तै भन्यो -"म त आज तपइँसिँग अन्डाइरेक्ली दुखेसो पोख्न पो आइराँछु ।" र, बूढी बाख्रीले पाठा बोलाए जस्तो प्यात्यात्यात्या स्वर निकालेर हाँस्यो अनि भन्दै गयो -" हुन ता यो मानउँ जीबनको सोभाबित्ता नै तेस्तै हो - आफू नजान्ने भउन्जेल जान्नेलाई गुरू थापेर सोद्ने र आफू ओ.जी. (ओभ्भर जान्ने) भएसि फेरि उइ अस्ति गुरू थापेकालाई सिकाउने क्या ! यो एतार्त बुजेर तपइँले 'इउ डोन माइन्' चइँ नगर्नुस् नि ।"

उसले के भन्न खोजिरहेछ भन्ने नबुझेर भित्रभित्रै दिक्दारी महसूस गर्दै पाँडेले भन्यो -" के कुरा हो मुखको पान र जिब्रो एकछिन् नचपाइकन भन्नु क्या, भूमिका नबाँधी, फटाफट ।"

उसले पाँडेतिर तिखो गरी हेर्दै भन्यो -"तपइँले हामेरको बिचउल्या बिख्नेस कम्पनीको क्यान□ीए नेता-मुख्या दिपक भट्टजिउका झाँपाली पाटीका फल्लोहर झोले कम्रेटहेरूलाई सद्दरमुखाम चन□ढीका सर्खारी अपिस र अपिसमा हाकिम गर्णेहर्का फ्याम्ली कोट्टरहेरूमा पगितै भेटिन्छन् भनेका थेउ । र, मैले तेता कम्ता चक्कर लाइन, तेस्यामालाने ! बित्थामा कम्ता मात्तै दुख्ख पाएँ भन्छौ ? चन□ढी न त इण्डेको बेहार बोड्डरमा परोस् न चन□ढीयाँ कुनै भन्सार अड्डा होस् न बिलेकको माल च्याँखिङ गर्णे प्रहरी-ससश्रका ठाना हुन् ! तेस्तो नाथे अलेली मात्तै कमाइ हुने छेत्रको एरिआ मात्तै देख्या रछउ तपइँले त ! फेरि थुक्क म नाथेले अरु झोलेहर्ले जति न्याम-काननका नामसम्मन पनि पढ्या भा त !... खास माल हातलागी हुने ठाम देख्या रैन्छौ तपइँले । तैबरु तै, म आफ्फैले एटुजेठ पत्तो लाएँ र 'भइगो' भन्-र तपइँलाई 'आइ डन्ट माइन्' भनेर मनैमनले 'एस्कुच-मी' दिने किर्पा गरेपछि भेट्न आको आज ? आफ्ले नजानेको कुरो डाइरेक 'था छैन' पो भन्नु पर्छ त ! तेस्सै जान्ने भ'र बिनबिच्चाँ कुदाउनु अनइतित्ताको पाप..."

ऊ थप के भन्न खोज्दैथ्यो, पाँडेले शालीन लयमा हाँस्तै उछिन्यो-" के-के पत्ता लायौ त तिमीले ? सुनाऊ न त लामो कुरो नगरी, कैरन लाऊ ।"

उसले उपरखुट्टीका खुट्टो बद्लियो र गाम्छाले नाक समायो अनि स्याँक्क आवाज पगारेर पुछेपछि भन्यो -"लु तपइँलाई खस्-खस् लागिग'छ ...लु सिरेसली भ'र सुन -

एक लम्बरमा त पत्रकार गर्णेले बोक्ने जैसो आइडिन काठ अन्निबार्जे जडुली हुने र'च ! तो काठ ताजा-ताते भओस् कि नभओस् अथ्बा सक्कली-कीर्ते जेसुकै भओस् - काठ भए पुग्ने र'च क्या ! अनित्याँड तेस्तो काठ बोकेर सर्भे-पर्थमको एकमा भ□पुरको मेची पूल र सो पूलबड उत्तरतर्फ निकै परै पाँच लम्बर वाट र जेमिरगढीको सिमानासम्म । सर्भे-दित्तिए, भ□पुर-धुलारी रोटमा पर्णे शान्ति चोकबड डाइरेक पूर्ब अनि अलि दख्खिनको ससश्र क्याम्पा आसपासबड पस्सिउँ एआरपोट जाने बाटो । सर्भे-तिर्तिए, मेची क्याम्पासतिर जाने नयाँ बाटो । सर्भे-चउथा, पार्देसिख मेची हस्पताल अगाडिको पूर्ब-पस्सिउँ बाटो र तेस्को पूर्बको गिजिङमिजिङ चोकबड डाइरेक पूर्ब मेची खोला पुग्ने बाटो । सर्भे-पाँचउँ, उता भ□पुरको बेहारीमए बजारबड पस्सिउँ झाँपाचोक र अलि ओर भानुचोक । अनिखेर सर्भे-छइट्यौं, उत्ता नयाँ बजारको मेची खोला किनारका गोरेटाहेरु । सर्भे-सातउँ, पैलाको नर्पाल्काबड देभीबस्ती करस गर्दै मेची खोला जाने बाटो आसपासका बेहारी-बङलादेशीका टोल ।... बाआस... एति क्षेत्रको एरिआमा डुल्नुपर्णे र भेटेसम्म झोला बोक्ने जल्लाई पनि 'को होऊ-काँबड आका र यो झोलाँ के बोकेका छऊ ?' भन्-र कोइसिन सोद्नुपर्णे र'च । अनि तिन्ले बिलेक गरी ल्याका मालका खासा मालिक को हुन् , दोगान अथ्बा गोदाम काँ छ इत्तेदि पत्तो लाग्ने र कर्मस तिन्का मालिकहेरूसित कनिक्सिन-दोस्ती हुने र'च । अनि सो कुरो सर्खारीहेरूमा पुगाएसि अज गम्तिलो कमाउको मेलो बस्तो र'च भन्ने पनि पत्तो लाएँ । अब दुई लम्बरमा, सर्खारी मान्छेसँग साथीमय इन्टिम्याट हुनुपर्दो र'च र तिन्को लागि जस्तोसुकै कागतमा पनि रोहोब्बर गर्दाको ट्याममा 'पत्रकार गर्णेको सइ-सिक्नेचर' अथ्बा ल्याप्चे ठोकिदिने कमारो बनेर खुरूक्क पेर्जेन हुने खाल्के डिस्पिलिनमा बस्नुपर्णे र'च भन्ने पत्तो लाएँ । तेति हुनसके बिचउल्या बिखनेसले धुम्धाम पोरगेस् गर्ने र'च भन्ने पनि पत्तो लागो, हेर्ने हए ! तेस्मा पलस् के पनि पत्तो लाएँ भनौला भने - सर्खारीका अड्डामा ट्याम-ट्याममा मासु-मङ्स, जाँड-पानी खान्पीन, गाना-डानस् ,रामरसिलो पोरगाम हुने गर्दो र'च र तेस्ता पोरगाममा 'पत्रकार गर्णे मेडिआ पर्सन्'-का कोटामा तेस-तेस किसमका पत्रकार गर्णेहर्लाई मात्रै बोलाउने गरिँदो र'च र तेस्ता पोरगाममा बिलेक्या-बिलेक्नी पनि बाक्लै बोलाइँदा र'चन् र त्याँ पनि ती पत्रकार गर्णेहेरु र ती कालाधन्धेहर्को सनबन्द सुदिडिकर्ण गराइँदो र'च । यो लो'तान्तिक गन्तन्त्राँमा त एस्तो टेक्निकलबड पत्रकार गर्ण पाउनु कम्ता टेसिलो हुँदा र'च त ? मेरी आमइँ नि !...इ देखिराख्या छौ, एक्कै हट्टामा मेरो ल्वाइ-ख्वाइ, दमदार रिपोटिन गराइ र निड्डुर धाक्किलो जुनी फेराइको इस्टान्डर । 'बा मालिक'-को एकलउटी जिमीदारी अन्तरघत चलेको पाटीमा मैले उति बर्ख कम्रेटगिरी गरदाउँदीदेखुन् अस्तिको आइतार म तपइँकाँ आउँदासम्मन पनि आज जैसो चिटिक्क थेँ त ? तेस 'बा'-पाटीको थोत्रो कम्रेटबड मैले रिजाएन गरेएता र दिपक भट्ट सरको बिचउल्या बिख्नेस पाटीमा ढुँकेको यो एक हट्टामा कत्रो च्यान्ज आइर'च ममा ? लु तपइँ सोएम् अन्दाजिफिकेसन गर त ! आज हामेरु यस्ता पत्रकार गर्णेमद्दे इस्पेसेल्ली हामी तिन्टालाई सर्खारले एस ठामको सब्से सिन्यार अनि सक्रिअमा लम्बरी च्याम्पेन मेडिआ पर्सन् भनेर चिन्छ । म त मइ भइगएँ, आर्को दोडा मेरा दोस्ती को-को हुन् भन्ने चइँ भन्दिन म । र, हामेरका लागि अैले सर्खार भने नि मउसुप भने नि भन्सारका सर्खारीहेरु र बिलेक्किया गरी लेराका माल च्याखिङ गर्णे प्ररी-ससश्रहेरु नै होइसिराखेका छन् केरे ! उँधेरकै किर्पाबड आर्को साथीहर्ले जुनी फेरिसकेका हुन् अरे भने मैले पनि जुनी फेर्ने भख्खर थालिरछु । जो-जो पत्रिका छापेर र पोस्तक लेखेर छापेर बेत्ने नानाथरि दुख्ख गर्छन्, एफेम-सेफेममा घोत्रो दुखा'र बोल्छन्, जो निउज खोज्दै यो गर्मीमा दसदुन्याँ दुख्ख गर्छन् , जो सिधान्त-उदान्त भन्-र अनेकका किताप पाठ गरेर आँखा दुखाउँछन् ... ती सप्पै बेकुप बनिरनका छैन रछन् त ? हामेरका छेउमा तिन्को माने न मुने नि हओ... 'हिस्स बूढी हरिया दाँत !"...

उसका गाला पढ्काउँदै र तोरीको फूल देखाउँदै लखेट्ने मनस्थितिमा पुगिसकेको पाँडेले तैपनि नरम बोलीमै सोध्यो -"अनि तिमीले चाहिँ कुन पत्रिका वा कुन मिडियाको परिचय-पत्र अथवा कार्ड देखाउने गर्दैछौ नि ?" उसले पाँडेको मुड विचारे झैं अनुहारतिर हेर्दै अलिक ओइलिएको स्वरमा भन्यो -" हुन त भन्सारका मालिकहेरु र च्याँखिङका प्ररी-ससश्रका धेरैपएले त होइन, कतिपएले सो-उक्त 'परिस्चे-पत्र' भनिने काठ त भग्वानको बुटी जैसो हो हए, अइरे-गइरे समेत सप्पैलाई नदेखाउनु भनिबक्सेका छन् ।" -

पाँडेले अझै पनि झर्के रीस नियन्त्रण गर्दै सोध्यो -"म पनि अैरे-गैरे नै हुँ त ? कि के भन्न खोज्या तिमीले ?" उसले गद्दौं हुँदै भन्यो -"किन हुन्थ्यौ तपइँ तेस्तो । म भन्दैछु त -पैला मैले 'बा'-को पर्मभक्त कम्रेट गरिराख्या ट्याममा एकजाना बलिस्ठ कम्रेटले 'बञ्चरो सप्ताइक' नामक पत्रिका छाप्ने साटिफिटिक पाइरथे र पाटीले मलाई तेइ सप्ताइकको झाँपा पर्तिनिदिको काठ देर मासिक ट्यास् उठाउने कामको ठेक्का दिरथ्यो । हो तेइ काठ छ मसित, म पत्रकार गर्णे मेडिआ पर्सन् हुँ भनेर चिनाउने धर्म-बुटी । आर्को खेप आउँदा लेराउँला र दर्सिन गराम्ला नि तो मेरो भाग्गे बनाउने आदार काठ । तर, मैले सो काठ देखाको कुरो कस्सैले नथापाओस् हइ फेरि ।"...

त्यसपछि पाँडेले आफूलाई थाम्न सकेन र जुरूक्क उठ्यो अनि त्यसको कठालो समाएर पहिला झोला खोसेर ढोकाबाट कोठाभित्रतिर फ्याँकेपछि तीन-चार कडा थप्पडले त्यसका गाला बजाएपछि गलहत्याएर धपाउँदै भन्यो -"लु जा साला ! पत्रकारको मुखुण्डो भिरेर डकैती गर्ने तँ पढ्के बिचौलियाको पनि बिचौलिया ! साला, तेस्ता डुङ् गनाउने पैसाको सिनो खाने गुहे किरा । फेरि मेरोतिर यही चण्डाल अनुहार देसाइस् भने तेरो यो लटरम्म टुप्पी उखेलेर तेरै झोलामा हालेर सुँगुरको गोबरमा फ्याँकिदिन्छु । तेसकै लागि तेरो झोला खोसेका मैले । तँ साला रड्डी- हुट्टिट्याउँ बज्या,जान्छ-जाँदैनस् ?..."

त्यो आफ्नो चुल्ठे टुप्पी छाम्दै हतार-हतार भाग्न त भाग्यो तर आँगनको गेट पार गरेपछि पाँडेतिर औंला ठड्याउँदै ... "लाखेस् न, एस पाँडेलाई ! उइले अट्ठाइस-अनन्तीस साल आज भादेखुन् एसलाई आजै कर्नबादुर गोतामे कि भुट्टन चउदरी कि धर्मपर्सातमा उल्था नगरी के छोड्थें म ? म पनि मेरा 'बा' जैसै उसै ट्यामको जन्बाधी पोल्टिसको पोर्डक पो हुँ त ! के ठान्या छ एल्ले मलाई ? लाखेस् न !"...

पाँडेले एकछिन् त्यता हेर्यो र कोठातिर पस्तै आफैलाई भन्यो -" मुखुण्डे पत्रकार ऐंसेलु झाँगको टुप्पी आजै उखेल्नु पर्थ्यो, जोगाएर गल्ती गरिस् यार पाँडे !"...

**भारतीय...** पानीमा १ घण्टा (६० मिनेट) सम्म 'हट वाटर ट्रिटमेन्ट' (तातोपानी उपचार) गरिएको हुनुपर्नेछ । यस्तै भारत सरकारको आधिकारिक बिरूवा संरक्षण संगठनबाट सो अनुसार उपचार गरिएको 'बिरूवा स्वच्छता प्रमाण पत्र' पेस भएमा नेपालमा पैठारीका लागि बिनाकुनै अवरोध निरन्तर प्रवेश अनुमति पत्र ( इम्पोर्ट पर्मिट) जारी भइरहेको केन्द्रले जनाएको छ ।

**चीन....** त्यसैले यसलाई नेपालभित्र छिर्न दिनु निकै जोखिमपूर्ण हुन्छ ।' किरा भेटिएपछि केन्द्रले यसबारे चीनको आधिकारिक निकायलाई औपचारिक पत्रमार्फत सूचित गरिसकेको छ ।

**एमाले...** क्षेत्रका केन्द्रीय सदस्य, प्रदेश तथा जिल्ला तहका पदाधिकारी सहभागी हुनेछन् । कार्यदलले असार १८ गते जनसङ्ठन तथा असार १९ गते केन्द्रीय विभाग प्रमुख र विभिन्न निकायका पदाधिकारीसँग पनि सुझाव संकलन गर्ने छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्